जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १९२ २०८१ साल फागुन १६ गते शुक्रबार (28 Feb. 2025 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : आत्मनिर्भर बन्दै हरवा चरवा ... ३ पृष्ठमा : वन डढेलो : धैरै घटना तराईमा, ... ३ पृष्ठमा : भारतमा एक ...

## सडक संघर्षमा बिटौरी र ब्लक जग्गा धनी




**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

राजविराज नगरपालिकाका बासिन्दाहरु बिटौरी र ब्लक जग्गाको लालपूर्जा तथा विभिन्न सात बुदे माग राख्दै बिहीबारदेखी सडक संघर्षमा उत्रेका छन् ।

उक्त समस्या समधानको माग गर्दै यसअघि दर्जनौं पटक राजविराज नगरपालिका तथा प्रमुख जिल्ला अधिकारी मार्फत सरोकारवाला निकाय र प्रधानमन्त्रीसम्म ज्ञापनपत्र पठाई ध्यानाकर्षण गराउदा पनि कुनै सुनुवाई नभएकाले बाध्य भई चरणबद्ध आन्दोलनको घोषणासहित सडक संघर्षमा उत्रेको संघर्ष समितिले जनाएको छ ।

संघर्ष समितिका संयोजक इर्साद अन्सारीले यसलाई निर्णायक आन्दोलनको संज्ञा दिदै अब माग पूरा नभएसम्म आन्दोलन नरोकिने जनाएका छन् । उनले बिचौलिया र भू-माफियाको चलखेलका कारण पनि स्थानीय सरकार र प्रशासनदेखी संघीय सरकारसम्म यस विषयमा उदासिन रहेको आरोप लगाए ।

संघर्ष समितिले नगरको करिब ६८ विगहा क्षेत्रफलमा बिटौरी तथा ब्लक जग्गामा पुस्तौदेखी बसोवास गर्दै आएका करिब ५ हजार २ सय परिवार अहिलेसम्म लालपूर्जा पाउन नसकेको भन्दै अविलम्ब लालपूर्जा उपलब्ध गराउनु पर्ने प्रमुख माग उठाएका छन् ।

यस्तै राजविराज हटियामा निर्माणाधीन व्यवसायीक कम्प्लेक्सको निर्माण कार्य यथास्रिघ सम्पन्न गरी व्यवसायीलाई हस्तान्तरण, नयाँ बसपार्कको अधुरो निर्माण कार्य अविलम्ब पूरा गरि संचालन, राजरंगशालाको स्तरोन्तरी, खाँडो नदी तटबन्ध क्षेत्रका जग्गाको नापी र राजविराज-कंचनपुर सडक खण्ड निर्माण कार्यमा देखिएको समस्याको समाधान लगायतका मागहरु पनि संघर्ष समितिले अघि सारेका छन् ।

उक्त मागहरु पुरा गराउन दबाब दिने उद्देश्यले स्थानीय शिव मन्दिरको प्राङ्गणबाट सयौंको संख्यामा निस्केको जुलुस स्थानीय जनआन्दोलन चौकमा पुगि बिरोध सभामा परिणत भएको थियो ।

बिरोधसभामा संघर्ष समितिका संयोजक अन्सारी, पूर्व गृहराज्य मन्त्री रामकुमार चौधरी, उद्योग बाणिज्य संघ सप्तरीका पूर्व अध्यक्ष मनोज मुन्धडा, बौद्धिक अपाङ्गता अभिभावक संघका अध्यक्ष जगदीश अर्याल, समाजसेवी सुवि यादव, काँग्रेसका युवा नेता शम्भुलाल देव, बिरेन्द्र साह, प्रभातकुमार ललन, इन्द्रकुमार देव, अनिल देव, नेवि संघ सप्तरीका सभापति राकेश ठाकुर लगायतले ज्ञापन पत्र बुझाएको लामो समय बितिसक्दा पनि स्थानीय सरकार र प्रशासन समस्या समाधानका लागि गम्भिर नबनेको र भिडन्त तथा रक्तपातको स्थती सृजना गर्न खोजेको आरोप लगाए ।

***बाँकी अन्तिम पृष्ठमा***

## फेला परेको शवको पहिचान खुल्यो, प्रेमिका र उनको श्रीमानले हत्या गरेको खुलासा

**दैनिक समाचारदाता**
**जनकपुर, १५ फागुन ।**

धनुषाको मिथिला बिहारी नगरपालिका वडा नं. २ पुरनदाहा टोलस्थित खैरा खोलाको पुलमुनि फेला परेको शव ३३ वर्षीय शहीद अन्सारीको भएको खुलासा भएको छ ।

अन्सारीलाई उनकी प्रेमिका अनिता कुमारी यादव र उनका श्रीमान राजकिशोर यादवले मिलेर हत्या गरेको प्रहरी अनुसन्धानमा खुलेको छ । कतारमा कार्यरत अन्सारी र अनिताबीच दुई वर्षदेखि प्रेम सम्बन्ध थियो ।

अन्सारी नेपाल आएसँगै मंसिर २७ गते अनिता र उनका श्रीमानले अन्सारीलाई बञ्चरो प्रहार गरी हत्या गरेको प्रहरी उपरीक्षक भूवनेश्वर तिवारीले बताए । हत्या पछि शव जुटको बोरामा बेरेर खैरा खोलामा फालिएको थियो ।

शव पहिचान गर्न नसकेपछि प्रहरीले स्केच सार्वजनिक गरेको थियो । माघ १० गते मृतककी श्रीमती अजिमा खातुनले प्रहरीको फेसबुक पेजमा फोटो हेरेर सनाखत गरेपछि घटना सार्वजनिक भएको थियो ।

अनिता यादवलाई गाउँबाटै पक्राउ गरी अदालतबाट तीन दिनको म्याद थप गरिएको छ भने उनका श्रीमान् राजकिशोर यादव हत्या पछि साउदी अरब फरार रहेको उपरीक्षक तिवारीले बताए। उनलाई नेपाल फर्काउन कानूनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

## मिथिला मध्यमा परिक्रमा शुरु

**दैनिक समाचारदाता**
**जनकपुर, १५ फागुन ।**

मिथिला मध्यमा परिक्रमा शुरु भएको छ । बिहीवार मिथिला मध्यमा परिक्रमाको डोला मिथिला विहारी नगरपालिकास्थित कचुरी मठबाट निस्किएको हो ।

फागुन औंसीका दिन धनुषाको कचुरी मठबाट परिक्रमाको मुल डोला सञ्चालन गर्ने परम्परा रहेको छ । सो डोलामा सीतारमको मूर्ति सजाएर परिक्रमा गर्ने गरिन्छ ।

मिथिला बिहारीको डोला तथा जनकपुरधामस्थित अग्निकुण्डबाट निस्कने किशोरीजीको डोला जानकी मन्दिर भएर जनकपुरधामको हनुमाननगर पुगेपछि मध्यमा परिक्रमाको विधिवतरुपमा शुरुवात गर्ने परम्परा रहेको मिथिला विहारी कचुरी मठका महन्थ रामनरेश शरणले बताए । मिथिला विहारी मठबाट निकालिएको मिथिला विहारीको डोला बिहीबार जनकपुरधामस्थित हनुमान नगरमा विश्राम गर्ने उनको भनाइ छ । परिक्रमामा सहभागी साधु सन्त तथा श्रद्धालुहरु शुक्रवार बिहान पूजा अर्चना गरेर भारत बिहारको कल्याणेश्वर प्रस्थान गर्नेछन् ।

नेपाल भारत दुवै मुलुकको धार्मिक, सांस्कृतिक एवं पारम्परिक सद्भावको प्रतिक बनेको परिक्रमा यात्राको क्रममा नेपालमा १३ तथा भारतमा २ गरी १५ विश्रामस्थल छन् । सोही क्रममा जनकपुरधामको

***बाँकी अन्तिम पृष्ठमा***

## समाजवादी महिला संघको अध्यक्षमा सर्वसम्मत रमिला देवी



**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

जसपा नेपाल निकट समाजवादी महिला सघ नेपाल सप्तरीको अध्यक्षमा रमिला देवी साह सर्वसम्मतिवाट चयन भएकी छिन ।

समाजवादी महिला संघको पहिलो जिल्ला अधिवेशनवाट साहको अध्यक्षतामा १७ सदस्यिय जिल्ला कार्यसमिति चयन गरिएको छ ।

गठित समितिको उपाध्यक्षमा मन्जु खडका, आशा कुमारी साह, सचिवमा नितु पण्डित, सहसचिवमा आशा कुमारी तमाङ, सुस्मिता साह, गिता मण्डल र कोषाध्यक्षमा

***बाँकी अन्तिम पृष्ठमा***

**लागूऔषध प्रयोग नगरौं**

लागूऔषधको सेवनले,

- मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर गर्छ,
- परिवार, साथीभाई र आफन्तसँग सम्बन्ध बिग्रन सक्छ,
- सामाजिक सम्मानमा गिरावट ल्याउँछ,
- सामाजिक अपराध र विकृति बढ्छन्,

त्यसैले,

लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार विक्रिवितरण तथा सेवन नगरौं र गर्न नदिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## सकारात्मक सोच र व्यवहार अति आवश्यक

विभिन्न वहानामा आफन्तबाटै हुने हिसाका घटनाहरु झनै जटिल हुँदै गएको छ । प्राय अहिले घरायसी विवादहरु बढ्दै गएका छन् । ती मध्ये सासु बुहारीबीचको विवादका घटनाहरु बढ्दै गएको छ । यस्ता घरायसी विवादहरुका कारण श्रीमान् श्रीमतीबीच पनि विवाद बढ्दै जाँदा अदालतसम्म पुग्ने गरेका छन् ।

यसरी घरायसी विवादले ठूलो रुप लिँदा समाजदेखी अदालतसम्मको शरणमा पुग्नु आफैमा दुर्भाग्य हो । यस्ता घटनाहरुप्रति परिवार आफै सचेत हुनु आवश्यक छ । यस्ता विवादले कसैको भलो नहुने भएकाले कानुनको शरणमा पुग्नु पर्ने बाध्यात्मक अवस्था सृजना हुन नदिन पारिवारिक मेलमिलाप अत्यन्त आवश्यक छ । तर, अहिले हुने गरेका यस्ता पारिवारिक विवाद आफ्नै परिवारका सदस्यहरुबाट भइरहेकोप्रति चेतनाको कमीका साथै अन्य कारण पनि हुन सक्छ ।

तसर्थ यस्ता घटनाहरु न्युनिकरणका लागि सकारात्मक सोच र व्यवहारका साथै पारिवारिक सदस्यहरुबीचको मनमुटावको दुरी कम र एकले अर्काप्रति सम्मानजनक व्यवहार गर्नु उत्तिकै आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# आत्मनिर्भर बन्दै हरवा चरवा महिलाहरु

**दैनिक समाचारदाता शम्भुनाथ (सप्तरी), १५ फागुन ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ७ भगवतपुर टोलका कलरीदेवी सदा अचेल बिहान नहुँदै हातमा कुटो कोदालो बोकेर खेतमा पुग्नुहुन्छ । बिहानको करिब तीन घण्टा खेतमा काम गरेपछि घरको दैनिक कामकाजमा व्यस्त हुन्छ उहाँ ।

कुनै बेला फुर्सदिला भएर त्यतिकै गाउँका महिलाहरुसँग अनावश्यक गफिएर बस्ने कलरीदेवीलाई अचेल एकछिन बसेर गफिन फुर्सद छैन् । "के गर्नु बसेर कसैले दुई पैसा दिने होईन्, त्यसैले अहिले खेतीबारीमा व्यस्त हुन्छु", कलरीदेवी भन्नुहुन्छ"गाउँका साहुसँग लिजमा जग्गा लिएर खेतीपाती गर्न थालेकी छु ।" यसबाट परिवारको गुजारा चलाउन पनि सहज भएको छ र आम्दानी पनि राम्रै भईहाल्छ, उहाँ भन्नुहुन्छ ।

केही बर्षअघिसम्म गाउँको साहुमहजनमा बनिबुतो गरी परिवारको गुजारा गर्दै आउनुभएका सोही ठाउँका सर्मिला सदालाई भने अचेल आफ्नै खेतमा काम गर्न भ्यान नभ्याई भईरहेको छ ।

समान्य लेखपढ गर्न समेत नजानेकी सर्मिलालाई अहिले बिहान हुने बितिकै तरकारीमा कतिबेला पानी हाल्ने र उत्पादन भएको तरकारी टिपेर गाउँ नजिकैको बजारहरुमा कतिबेला पुऱ्याउने भन्ने हतारो हुन्छ ।

दुईबर्षअघि सम्म पुँजीको आभावमा आयआर्जनको कुनै काम गर्न नसकेकी सोनाबतीदेवी सदालाई पनि अहिले तरकारी खेती बरदान जस्तै साबित भएको छ ।

सोनाबतीले पनि गाउँकै साहु बिलेती साहसँग लिजमा दुई कठ्ठा जग्गा लिएर तरकारी खेती गर्दै आएको छ ।

आयआर्जनको ठोस आधार नपाउँदा केही बर्षअघि सम्म गाउँकै साहु महाजन कहाँ हरवा चरवाको रुपमा बहिबुतो गर्दै आएको बिगतको अतित सम्झिदै सोही टोलका मिनादेवी सदा भन्नुहुन्छ," पहिले ज्याला मजदुरीमा सँधै काम गरेर जिविकोपार्जन गरिरहेको थिएँ, बाल बच्चाहरुलाई पालन पोषण गर्न धौ-धौ हुन्थ्यो ।"

हरवा चरवाको रुपमा काम गर्दा मात्र ३ किलो धान मात्र ज्याला पाउथ्ये, त्यसकारण परिवार चलाउन समस्या हुन्थ्यो, मिनादेवी भन्नुहुन्छ,"तर अब मेरो त्यो दुखको दिन कटेको छ ।" अहिले तरकारी खेतीबाट पाँच जना परिवारको गुजारा चलाएर छोराछोरीलाई पढाउँदै आएकी छु, उहाँको भनाई छ ।

यसरी कलरीदेवी, सर्मिला र सोनाबती मात्र होईन्, सो टोलका एक दर्जन हरवा चरवा दलित महिलाहरु सामुहिक तरकारी खेतीतर्फ अग्रसर हुन थालेका छन् ।

बिगतमा स्थानीय साहुमहाजनकोमा बनिबुतो गरेर परिवार चलाउँदै आएकी सो गाउँका दलित महिलाहरु पछिल्लो समय सामुहिक तरकारी खेतीमा जुटेका हुन् । सो गाउँका १५ जना हरवा चरवा दलित महिलाहरु १३ कठ्ठा जग्गा भाडामा लिएर सामुहिक तरकारी खेती सुरु गरेका छन् ।

दिनाराम दिनाभद्री हरवा चरवा बचत तथा ऋण समुह मार्फत बिगत अढाई बर्षदेखि सामुहिक तरकारी खेती सुरु गरेका हरवा चरवा दलित महिलाहरुले स्थानीय भिखन बिलेती साहसँग जग्गा भाडाका लिएर मौसमी तरकारी खेती गर्दै आएको समुहका अध्यक्ष अमेरिकादेवी सदाले बताउनुभयो ।

मौसमी तरकारी खेतीको सिजनमा काउली, भाण्टा, भिन्डी, मुला लगायत करिब तीन क्विन्टल तरकारी उत्पादन गरी रु. ५० हजार आम्दानी भएको समुहका अध्यक्ष अमेरिकादेवीको भनाई छ ।

अहिले प्याज खेतीसँगै भिण्डी, करेला, बोडी, लौका, फर्सी, खुर्सानी लगायतका तरकारी उत्पादन भईरहेको उहाँको कथन छ ।

साहुँमहाजनकोमा मजदुरीमा मात्र सिमित रहँदै आएका सो गाउँका बिपन्न दलित महिलाहरु जिविकोपार्जन गर्न कठिन भएपछि आफ्नो आयआर्जनको लागि तरकारी खेतीतर्फ अग्रसर भएको स्थानीय रामा सदाले बताउनुभयो ।

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक केन्द्र सप्तरीले आवश्यक तालिमसँगै आर्थिक, प्राविधिक लगायतका सहयोग गरेपछि आफुहरु सामुहिक तरकारी खेतीतर्फ अग्रसर भएको समुहका सदस्य सैन्कीदेवी सदाले बताउनुभयो ।

"हामीलाई तरकारी खेती बारे केही थाहा थिएन्", सैन्कीदेवी भन्नुहुन्छ," श्रीपुर्राज सामुदायिक केन्द्रले पहिला हामीलाई समुहमा आबद्ध गराई तरकारी खेती सम्बन्धी तालिम दियो ।" तालिम पश्चात सामुहिक तरकारी खेतीका लागि भाडामा जग्गा उपलब्ध गराउनुको साथै तरकारीको बिउबिजन र मलखाद्यको समेत त्यही संस्थाले व्यवस्थापन गरिदिएको छ, उहाँले भन्नुभयो ।

तरकारी खेतीका लागि जग्गासँगै बिउबिजन, मलखाद्य समेत व्यवस्था भएपछि समुहका महिलाहरु सामुहिक रुपमा तरकारी खेतीमा मिहिनेत गरेर आम्दानी गर्दै आएका छन् । तरकारी खेतीको लागि चाहिने सिंचाई गर्न बिद्युतीय मोटर समेत जडान गरिएको छ, जसका कारण तरकारी खेतीमा सहज भएको उहाँहरु बताउँछन् ।

पहिले घरमा फुर्सदमा रहेकाले आफूलाई दिन बिताउनु गाह्रो हुने गर्दथ्यो, व्यवसाय रुपमा तरकारी खेती गर्नुपर्छ भन्ने थाहा भएन उहाँ भन्नुहुन्छ," संस्थाबाट तालिम लिएको र घरपरिवारको राम्रो साथ पाएकाले आफूहरुले यो पेशा रोजेका हौं ।"तरकारी खेतीमा संलग्न भएपछि सानोतिनो समस्या टार्ने खर्च पुग्ने गरेको सैन्कीदेवीको भनाई छ ।

"महिलालाई आफूले कमाउने कुनै उपाय नभएको अवस्थामा अरुको भरमा बाँच्नुपर्दा जीवन अन्धकारजस्तो हुँदोरहेछ", सैन्कीदेवी भन्नुहुन्छ,"अहिले तरकारी फलेपछि पैसा आईहाल्छ, आफ्नो खर्चलाई अरुको निर्भर रहनु परेन् ।" आफ्नो मिहिनेत र परिश्रमले उत्पादन गरेको वस्तु उपभोक्तामाझ पुऱ्याउँदा व्यवसायमा उत्साह थपिँदै गएको उहाँले बताउनुभयो ।

पुरुषको तुलनामा महिलाको तरकारी खेतीमा उत्साह राम्रो देखिएको छ । घरव्यवहार चलाउने कार्यमा महिला नै प्रमुख भूमिकामा रहने हाम्रो समाजमा आयआर्जन बढाउने कार्यमा महिलाहरु पुरुषसरह नै व्यवसायमा मिहिनेत र परिश्रम गर्न पछाडि हट्दैनन् । घरधन्दा, छोराछोरीको स्याहारसुसारसँगै यहाँका महिलाले तरकारी व्यवसायलाई साथमै अगाडि बढाएर आत्मनिर्भर बन्दै गएका छन् ।

आर्थिक रुपमा बिपन्न र सामाजिक रुपमा बिभेदित हरवा चरवा दलित महिलाहरुलाई लक्षित गरी सशक्तिकरण अभियान सञ्चालन गरेको श्रीपुर्राज सामुदायिक विकास केन्द्रका सहजकर्ता बिजली रामले बताउनुभयो ।

पछिल्लो केही बर्षयता हरवा चरवा दलित महिलाहरुमा आएको परिवर्तन र देखिएको उत्साहजनक सहभागिताले साकारात्म सन्देश दिएको सहजकर्ता रामको भनाई छ ।

"केही बर्षअघि सम्म साहुमहाजनमा मजदुरी गर्दै आएकाका चरवा चरवा परिवारका महिलाहरु सामुहिक तरकारी खेतीमा हौसिदै गएका छन्", सहजकर्ता राम भन्नुहुन्छ," पछिल्लो समय उहाँहरुले देखाएको उत्साहबाट पाठ सिकेर अन्य महिलाहरु अघि बढ्न सके आर्थिकसँगै समाजिक क्षेत्रमा समेत ठुलो परिवर्तन आउन सक्छ ।"

समुहमा आबद्ध भएका हरवा चरवा महिलाहरु तरकारी खेतीबाट भएको आम्दानीबाटै मासिक बचत समेत गर्दै आएका छन् । मासिक रु. एक सयका दरले बचत गर्दै आएका हरवा चरवा महिलाहरु समस्यामा परेका सदस्यहरुलाई न्यून ब्याजमा ऋण सापटी समेत दिँदै आएको समुहका अध्यक्ष अमेरिकादेवीको कथन छ ।

# अचेल "डाक्टर" शब्दबाट विद्वान हुने आभास

**बुजेन्द्र प्रसाद सिंह यादव**
बोदेवरसाईन न.पा. ५ सप्तरी

अचेल "डाक्टर" शब्दबाट विद्वान हुने आभास शैक्षनिक जगतमा मात्र होइन् राजनैतिक क्षेत्रमा पनि गराउने प्रयास हुँदै गएको बुझिन्छ । पंचायतकाल/राजतन्त्र हुँदा स्व. राजा बिरेन्द्र बि.बि. शाहको डाक्टर (विद्यावारी) गरेकाहरु प्रति विशेष झुकाव थियो । तर उक्त झुकाव डा. हर्ष बहादुर गुरुङ रिपोर्ट पछि न्युन हुन गएको थियो ।

स्व. राजाले पंच/जनप्रतिनिधिहरु माझ भनेका थिए, अब मेरो विश्वास जनप्रतिनिधि (पंच)हरु बढी छ, डाक्टरहरुप्रति त्यति छैन् । डाक्टर (विद्यावरिधि) हरु उत्तर टक्कराए सरकारको विश्वास नरहेपनि हामी डाक्टरहरुको सरकार प्रति पूर्ण आस्था छ । अब त्यो समय/दिन गए ।

तर लोकतन्त्र आएपनि डाक्टर शब्दबाट विद्वताको बोध राजनीतिमा छदैछ । बकरार छ । चाहे त्यो डाक्टर विश्वविद्यालयको नहोस अरु कुनै किसिमको किन नहोस् । कुनै बेला डा.के.आई.सिह पनि डाक्टरले प्रसिद्ध थिए । अलि पारी तीर : हिन्दी फिल्म जगतका बामपन्थी धारका महान निर्माता र नायक स्व.राजकपुरका चलचित्रबाट प्रभावित तत्कालिन रुसमा महामहिम राष्ट्रपती कुश्चेव ज्युले राजकपुरलाई डाक्टरको उपाधीबाट सम्मान गरेका थिए । सुशोभन समारोहमा राजकपुरले भने "Your Excelency, I have fail thrice in Metric and yourself have confered in such a high degree I cannot balance myself"

यता म त्रि.वि.सेवामा हुदा मेरी एउटी भतिजी फोन गर्दथिइन । कहिले म प्राध्यापन गर्छु, कैले म पी.एच.डी गर्छु । उनको प्रमाण पत्र समाजशास्त्रको थियो की मनोविज्ञानको थाहा भएन । मनोविज्ञानको अध्यक्ष सित कुरा हुदा प्रमाण पत्र हेराउनु पर्ने, तर भतिजीले प्रमाण पत्र हेराईन ।

पी.एच.डी. बारेमा मैले भने भारतमा एम.ए. गर्नलाई वि.ए. अनर्सको प्रमाण पत्र चाहियो । त्यो छैन भने कसरी एम.ए.गरिन र कसरी पी.एच.डी. गर्ने हो । त्यसपछि फोन सम्पर्क भएन । मैले यो पनि प्राध्यापन तलबबाट मलाई आफ्नै पारिवारीक खर्च चलाउनु अप्ठेरो छ, म बाट आर्थिक सहयोगको आश नगर्नु फेरी सम्पर्क विहिन रहे । अब भतिजी एक राजनीतिक पार्टीको केन्द्रीय सदस्यको रुपमा प्रस्तुत हुन्छीन । र नाउँ भन्दा पहिले डा.(डाक्टर) लेख्छीन । छापाहरुमा समेत उल्लेख्य भएका हुन्छन । शायद उक्त पार्टीले सो उपाधी दिएका छन कि ?

# वन डढेलो : धेरै घटना तराईमा, क्षति पहाडमा

**भीष्मराज ओझा**

काठमाडौँ, १५ फागुन (रासस) ।

भौगोलिक हिसाबले मुलुकका सबै क्षेत्रमा वन डढेलोका घटना हुने गरेका छन् । सङ्ख्यात्मक रूपमा तराईमा छोटो अवधिमा यस्ता घटना धेरै हुने गरेका छन् । चुरे क्षेत्र यसबाट बढी प्रभावित छ ।

वन तथा वातावरण मन्त्रालयको तथ्याङ्कअनुसार मध्य पहाडमा आगो बस्तीमा प्रवेश, जनधनको क्षति र क्षेत्रफलका हिसाबले सबैभन्दा बढी डढेलोका घटना हुने गरेका छन् । प्रतिवर्ष तीन हजारभन्दा बढी डढेलोका घटना हुने गरेका र प्रतिघटनामा सरदर छ हेक्टर वन क्षेत्र प्रभावित भएको पाइएको छ । नेपालमा ६५ प्रतिशत वन डढेलो अप्रिल महिनामा लाग्ने गरेको छ ।

डढेलोका अन्तरनिहित कारणमा वन व्यवस्थापन हुन नसक्नु, वनमा ज्वलनशील पदार्थ अधिक जम्मा हुनु, खेतीयोग्य जमिन बाँझो रहनु, लापरबाही, अन्जान वा नियतवश आगो लगाउनु, चोरी सिकारलगायत रहेका छन् । ज्वलनशील पदार्थको व्यवस्थापन नै सबैभन्दा चुनौतिका रूपमा रहेको जानकारहरू बताउँछन् । मानवीय कारणबाट ९६ प्रतिशत डढेलो लाग्ने गरेको र झन्डै ७० प्रतिशत डढेलो लापरबाही वा अन्जानले हुने भएकाले यसलाई रोक्न सकिने विज्ञको सुझाव छ ।

वन डढेलोविज्ञ सुन्दर शर्मा डढेलो नियन्त्रणका लागि कार्यदल बनाएर कार्ययोजना कार्यान्वयन गर्न सकेमात्र प्रभावकारी हुने बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "छरिएर रहेका योजना, बजेट र जनशक्तिलाई एकत्रित गरी आवश्यक उपकरणका साथ जनशक्तिको क्षमता अभिवृद्धि गर्न सके परिणाममुखी हुन्छ ।" व्यवस्थित रूपमा नियन्त्रित डढेलो लगाएर यसको जोखिम कम गर्नुपर्ने, नियन्त्रणका लागि अग्निरेखा बनाउनुपर्ने, समुदायस्तरमा पूर्वतयारी र रोकथामका उपायबारे जनचेतना जगाउनुपर्ने शर्माको भनाइ छ ।

सन् २०२४ को तथ्याङ्क अनुसार नेपालभर पाँच हजार १३६ स्थानमा वन डढेलोका घटना भएका थिए भने ७४ जिल्ला प्रभावित भएका थिए । त्यसमध्ये सबैभन्दा धेरै सुर्खेतमा ३२८, सल्यानमा २८१, दाङमा २७६, कैलालीमा २५६, चितवनमा २५०, बर्दियामा २२६, डोटीमा २०७, डडेल्धुरामा १८५, पर्सा १७३ र बाँके १६५ डढेलोका घटना भएका थिए । यस्तै, विगत १० वर्षको तथ्याङ्क हेर्ने हो भने सबैभन्दा धेरै सन् २०१६ मा छ हजार २३४, सन् २०२१ मा छ हजार ५३७ र २०२४ मा पाँच हजार १३६ डढेलोका घटना भए ।

मन्त्रालयको वन तथा जलाधार महाशाखा प्रमुख सहसचिव दीपक ज्ञवालीका अनुसार यो वर्ष पनि लामो हिउँदे खडेरीका कारण वन डढेलको जोखिम बढेको छ । गत महिना काभ्रे र ललितपुर तथा लाङटाङ राष्ट्रिय निकुञ्जमा देखिएका वन डढेलोका घटनाले थप सजकता अपनाउनुपर्ने देखिएको उहाँको भनाइ छ । नेपालमा भौगोलिक धरातल र सुरक्षा, उपयुक्त उपकरणको अभाव, डढेलो नियन्त्रणमा महँगो र अधिक स्रोत आवश्यक पर्ने, सीमित परम्परागत तालिम प्राप्त जनशक्ति, उत्प्रेरणाको कमीलगायत चुनौती रहेको सहसचिव ज्ञवाली बताउनुहुन्छ । "वनमा सुकेका झिजामिजा, पत्कर र झाडीलगायत ज्वलनशील पदार्थ निजी क्षेत्रलाई जिम्मेवारी दिएर भए पनि औद्योगिक कच्चापदार्थका रूपमा प्रयोग गर्न सके केही मात्रामा भए पनि डढेलोको जोखिम कम हुन्छ", उहाँ भन्नुहुन्छ ।

**सुकेका झिजामिजा र पत्कर डढेलोका कारक**

पहाडी क्षेत्रमा आवश्यक जनशक्तिको अभावमा खेतबारी बाँझो हुने क्रम बढिरहेको छ । साथै वन्यजन्तुले खेतबारीमा गर्ने क्षतिका कारण कृषकहरू पलायन हुन थालेका छन् । कृषकले वस्तुभाउसमेत पाल्न छाडेका कारण वनजङ्गलका स्रोतको सङ्कलन र प्रयोगमा निकै कमी आएको छ ।

जङ्गलभित्र सुकेका झिजामिजा, पत्कर र झाडीलगायत ज्वलनशील पदार्थ जम्मा हुँदै जाँदा सुक्खा मौसममा डढेलोका लागि स्रोत भएर बसेका छन् । सरोकार भएकाहरूले त्यस्ता पदार्थको समयमै व्यवस्थापन र सदुपयोग गर्न नसके डढेलो भयावह हुने भन्दै चिन्ता व्यक्त गरेका छन् । समयमै वन व्यवस्थापन गरी काठ-दाउरा सङ्कलनलाई थप प्रभावकारी बनाउन तथा गाउँबस्ती किनारका ज्वलनशील पदार्थ व्यवस्थापन गर्न विज्ञहरूको सुझाव छ ।

नेपाल वन प्राविधिक सङ्घका अध्यक्ष राकेश कर्ण स्थानीय समूहस्तरबाट धुँवा देखिना साथ डिभिजन वन कार्यालयले सूचना प्राप्त गर्ने प्रणाली विकास गर्नुपर्ने बताउनुहुन्छ । व्यवस्थित सञ्जाल निर्माण गरेर तत्काल प्रतिकार्य गर्नसक्ने गरी आवश्यक बन्दोबस्त गर्नुपर्ने उहाँको सुझाव छ । "डिभिजनस्तरमा जिम्मेवार कर्मचारी एवं सुरक्षा निकायसहित आवश्यक स्रोतसाधन, स्थानीयस्तरमा सब डिभिजनले संयोजन गरेको समूहसहितको सञ्जाल र समूहस्तरमा दस्ताको प्रभावकारी परिचालन गर्न सकेमा प्रभावकारी हुनसक्छ । यसमा सबैले लाग्नुपर्छ", अध्यक्ष कर्ण भन्नुहुन्छ ।

सरकारले डढेलो नियन्त्रणका लागि वार्षिक बजेट, वन नीति, वन ऐन, वन नियमावली, वन डढेलो व्यवस्थापन रणनीति, विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना, जलवायु परिवर्तन नीति, विपद् जोखिम न्यूनीकरण व्यवस्थापन प्राधिकरण नियमावलीलगायत कानुनी र नीतिगत व्यवस्था गरेको छ ।

मन्त्रालयका सचिव डा दीपककुमार खराल जलवायुको असरले डढेलो बढाएको र डढेलोका कारण जलवायुका असर बढेको बताउनुहुन्छ । डढेलोले जैविक विविधताको ह्रास हुने गरेको र वायु प्रदूषण पनि हुने गरेकाले यसको नियन्त्रणमा सबै संवेदनशील हुनुपर्ने उहाँको आग्रह छ । यसमा छरिएका नीति, कानुन र निकायलाई एकीकृत गरेर परिचालन गरिने उल्लेख गर्दै सचिव डा खरालले भन्नुहुन्छ, "डढेलो नियन्त्रणमा काम गर्न सम्बन्धित निकायका प्रतिनिधि सम्मिलित हुने गरी कार्यदल गठन गरेका छौँ । छिट्टै सरकारी तथा वैदेशिक सहायतामा वन डढेलो नियन्त्रणसम्बन्धी परियोजना पनि सञ्चालन गर्ने तयारीमा गर्नेछौँ ।"

सरकारले यस क्षेत्रका लागि सबै प्रकारका विपद्मा राष्ट्रिय 'फोकल' संस्थाका रूपमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरेको छ । सुरक्षा निकायमा महाशाखा र तालिम प्राप्त जनशक्ति छन् । वन मन्त्रालय वन डढेलोसँग सम्बन्धित राष्ट्रिय फोकल संस्थाका रूपमा रहेको छ । वन तथा भू-संरक्षण विभागमा वन डढेलो सूचना कक्ष सञ्चालनमा छ । स्थानीय तहमा विपद् व्यवस्थापन समिति र वातावरण तथा विपद् व्यवस्थापन महाशाखासमेत स्थापना गरिएका छन् । फागुनदेखि जेठमा वन डढेलो रोकथाम र नियन्त्रण विशेष कार्यक्रम सञ्चालन गर्न यी सबै निकायको एकीकृत प्रयास आवश्यक रहेको विज्ञरूको राय छ । जनचेतनाका लागि घरदैलो अभियान, संरक्षित क्षेत्रस्तरमा जिम्मेवार कर्मचारी र नेपाली सेनाको टोली परिचालन, सामाजिक सञ्जाल, समुदाय र शैक्षिक संस्थाहरूमा डढेलोसम्बन्धी विविध सचेतनाका कार्यक्रम प्रचार गर्न सकेमा प्रभावकारी हुने धेरैजसोको भनाइ छ ।

# सामाजिक मर्यादा ध्वस्त बनाएर घृणाको राजनीति फैलाउने कार्य नियन्त्रण हुन्छ : प्रधानमन्त्री

काठमाडौँ, १५ फागुन (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले सामाजिक मर्यादाहरु ध्वस्त बनाएर घृणाको राजनीति फैलाउने र परिवारकै बीचमा पनि अविश्वास पैदा गर्ने जस्ता कामहरु नियन्त्रण गरिने बताउनुभएको छ ।

महान्यायाधिवक्ताको कार्यालयद्वारा बिहीबार आयोजित डिजिटल अपराधसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै प्रधानमन्त्री ओलीले मानवीय सुख र समृद्धिका लागि डिजिटल प्रविधिको प्रयोग हुनुपर्ने भएकाले अधिकारको प्रयोगका नाममा समाजलाई विकृत बनाउने छाडातन्त्रलाई रोक्न कानुन ल्याएको बताउनुभयो । उहाँले सरकारले सामाजिक सञ्जाल प्रयोगको अधिकारमा तलमाथि हुने गरी कुनै कानुन नबनाउने स्पष्ट गर्दै कार्यान्वयनको दश वर्ष पुगेको अवस्थामा संविधानको समीक्षा गर्दै आवश्यक संशोधन गरिने बताउनुभयो ।

डिजिटल युगमा कुनै मुलुकको एक्लो प्रयासले अपराध नियन्त्रण प्रभावकारी नहुने भएकाले यसमा अन्तर्राष्ट्रिय सहयोग आदानप्रदान आवश्यक हुनेमा जोड दिँदै प्रधानमन्त्री ओलीले डिजिटल प्रविधिको प्रयोग गरेर वा नगरेर अपराध हुन सक्ने र यसको अनुसन्धानका लागि विद्युतीय प्रविधि प्रयोगको सुविधाले अपराध नियन्त्रणमा अन्तर्राष्ट्रिय सहयोग आदान-प्रदान सहज हुने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले विज्ञान र प्रविधिले मानिसलाई सहज र सरल बनाइ सुख सुविधा दिने भएकाले यसको दुरुपयोगका कारण सभ्य समाजका लागि अपराध नियन्त्रण चुनौतीपूर्ण बनेको उल्लेख गर्दै लोकतन्त्रमा सबै मानव जातिले सुविधा पाउनुपर्छ भन्नेमा सरकार स्पष्ट रहेको बताउनुभयो ।

"बिसौँ शताब्दीले नयाँनयाँ आविष्कार दिएको छ । तर त्यसको दुरुपयोग पनि भएको छ । अपराधका क्षेत्रमा सङ्गठित प्रयास भएका छन् । हामीले एआइ र डिजिटल प्रविधिको प्रयोग गरेर अपराध हुन नपाउने परिस्थिति निर्माण गर्नुपर्छ र अपराध भइहालेमा वस्तुनिष्ठ अनुसन्धान गरेर निष्पक्ष न्याय निरुपण गर्न सक्नुपर्छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "अहिले डिजिटल प्रविधिको सदुपयोग मात्र भइरहेको छैन । दुरुपयोग र अपराध कर्म पनि भइरहेको छ । अपराध रोक्न र प्रभावकारी न्याय दिन यस्ता सम्मेलनले भूमिका खेल्नेछन् भन्ने मैले विश्वास लिएको छु ।"

प्रधानमन्त्री ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय गन्तव्य प्राप्ति गर्न सुशासन प्राप्ति तथा जनताको सामाजिक र आर्थिक अधिकारको प्रयोग आवश्यक पर्ने तर यी कुनै पनि अधिकारको दुरुपयोग हुन नहुने उल्लेख गर्दै भन्नुभयो, "विकास भएको छ तर अहिले भएको विकासबाट हामी सन्तुष्ट छैनौँ । कुनै पनि बेथितिबाट हामी सुशासन र समृद्धि प्राप्त गर्न सक्दैनौँ । जनतालाई हरेक हिसाबले जैविक र आधारभूत अधिकार सम्पन्न बनाउन हामी अझ अगाडि बढ्न चाहन्छौँ । हामी पूर्ण लोकतन्त्र चाहन्छौँ । हाम्रा सबै सामाजिक प्रबन्धले मानवीय सुख र सहज आपूर्तिको परिपाटी बसाउनुपर्छ । देशलाई पछ्यौटेपनबाट अगाडि बनाउने प्रयासलाई हामी सफल बनाएर छाड्ने छौँ ।"

महान्यायाधिवक्ता रमेश बडालले आपराधिक घटनामध्ये डिजिटल प्रयोगबाट अपराध हुने क्रम बढ्दो रहेको र सामाजिक सञ्जाल दुरुपयोगका साथै डिजिटल ठगी, वित्तीय अपराध तथा डाटा सुरक्षा चुनौतीपूर्ण भएको बताउनुभयो ।

कार्यक्रममा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाद रिमाल, सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश सपना प्रधान मल्ल, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई, अन्तर्राष्ट्रिय अभियोजकको संस्थाका जेनरल कन्सुलर शेनेज मुजाफ्फरलगायत सहभागी हुनुहुन्थ्यो ।

## विश्व समाचार

### भारतमा एक पटकमा एक बियरमार्फत परिवर्तन ल्याउँदै महिलाहरू

बेङ्गलुरु (भारत), १५ फागुन (रासस/एएफपी) ।

भारतको बढ्दो क्राफ्ट बियर दृश्यको अंशका रूपमा वर्षा भाट दुई तरिकाले दुर्लभ हुनुहुन्छ : पहिलो मदिरा बनाउने महिलाका रूपमा र दोस्रो मदिरा पिउने महिलाका रूपमा । भाट एउटा यस्तो देशमा पुरुष-प्रभुत्व भएको उद्योगमा आफ्नो दाबी गरिरहनुभएको छ जहाँ सामाजिक परम्पराहरूले धेरैजसो महिलालाई मदिरापान नगर्न बाध्य पार्छन् । अड्तीस वर्षीया भाटले धेरै वर्षसम्म पुरुष साथीहरूको व्यङ्ग्य सहनुभएको थियो । तिनीहरूले उहाँसँग विशेष स्वादको परख गर्ने मांसपेशी छ कि छैन वा कामको दबाब सम्हाल्न पर्याप्त शान्त हुनुहन्छ कि हुनुहुन्न भन्ने प्रश्न गर्दथे । तर उद्योगमा एक दशकपछि उहाँ बेङ्गलुरुको सबैभन्दा लोकप्रिय पबहरू मध्ये एकमा हेड ब्रुअर बन्न पुग्नुभएको छ र सहरको धनी युवा प्रविधि कामदारहरूको सेवा गर्नुभएको छ । "एक महिलाले गर्न नसक्ने केही पनि छैन जुन एक पुरुषले गर्न सक्छ... रेसिपी विकासदेखि, शारीरिक कामसम्म, टोली व्यवस्थापनसम्म", भाटले भन्नुभयो, "हामीले अगाडि आउन र हामी यो गर्न सक्छौँ भनेर भन्नका लागि यो कदम चालेका छौँ, एउटा कलङ्क थियो... हामी ती रूढीवादी र बाधाहरू तोड्दैछौँ ।" सरकारी तथ्याङ्कअनुसार ९९ प्रतिशत महिलाले मदिरापान नगर्ने भारतको बाँकी भागभन्दा उदार मदिरा संस्कृतिका लागि बेङ्गलुरु लामो समयदेखि प्रसिद्ध छ । यसको प्रख्यात प्रविधि उद्योगले प्रायः सहरमा स्थापित सामाजिक सम्बन्धहरू नभई कुलीन विश्वविद्यालयहरूबाट आउने युवा र उच्च शिक्षित कार्यबललाई रोजगारी दिन्छ । यसले बेङ्गलुरुको फस्टाउँदो क्राफ्ट बियर बारहरूमा जोडदार व्यापार प्रदान गर्दछ । बेङ्गलुरुमा घरभित्रै ब्रुअरी छन् जसले सयौँ कामदारलाई रोजगारी दिन्छन् र नयाँ मानिसहरूसँग भेट्न उत्सुक र पैसा खर्च गर्न तयार ग्राहकहरू छन् । आधिकारिक तथ्याङ्कअनुसार काम गर्ने उमेरका महिलामध्ये २५ प्रतिशत मात्र औपचारिक रूपमा रोजगारीमा रहेको भारतमा सहरको कार्यबल एउटा अनौठो उदाहरण हो । तुलनात्मक रूपमा तिनीहरूले बेङ्गलुरुका प्रविधि फर्महरूमा काम गर्नेहरूको लगभग ४० प्रतिशत हिस्सा ओगटेका छन् । यो सहरको भारतका अन्य ठाउँबाट महत्त्वाकांक्षी महिलाहरूलाई आकर्षित गर्ने क्षमताको प्रमाण हो । तीमध्ये ठूलो सङ्ख्यामा कामपछि बारहरूमा साथीहरूसँग चर्को आवाजमा कुराकानी गरिरहेको देखिन्छ ।

### उत्तर कोरियाले एक अर्ब ५० करोड डलरको क्रिप्टोकरेन्सी चोरी गर्‍यो : एफबिआई

वासिङ्टन, १५ फागुन (रासस/(एएफपी) ।

अमेरिकी फेडरल ब्युरो अफ इन्भेस्टिगेसन (एफबिआई) ले उत्तर कोरियामाथि गत हप्ता एक अर्ब ५० करोड डलरको डिजिटल सम्पत्ति चोरी गरेको आरोप लगाएको छ । यो इतिहासमा सबैभन्दा ठूलो क्रिप्टो चोरी हो । "उत्तर कोरिया क्रिप्टोकरेन्सी एक्सचेन्ज, बाइबिटबाट लगभग एब अर्ब ५० करोड अमेरिकी डलर मूल्य बराबरको भर्चुअल सम्पत्ति चोरीको लागि जिम्मेवार थियो", एफबिआईले एक सार्वजनिक सेवा घोषणामा भनेको छ । ब्युरोले लाजारस ग्रुप पनि भनिने ट्रेडरट्रेटर एक समूह चोरीको पछाडि रहेको बताएको छ । "उनीहरू द्रुत गतिमा अघि बढिरहेका छन् र चोरी गरिएको केही सम्पत्तिलाई बिटकोइन र अन्य भर्चुअल सम्पत्तिमा परिवर्तन गरिसकेका छन् जुन धेरै ब्लकचेनहरूमा हजारौँ ठेगानामा फैलिएका छन्", ब्युरोले भनेको छ, "यी सम्पत्तिहरू थप रूपमा धुलाइ गरिने र अन्ततः फिएट मुद्रामा परिवर्तन गरिने अपेक्षा गरिएको छ ।" उत्तर कोरियाली नेता किम जोङ उनको उपहास गर्ने फिल्म 'द इन्टरभ्यु' को बदलामा सोनी पिक्चर्समा ह्याकिङ गरेको आरोप लागेपछि लाजारस समूहले एक दशकअघि कुख्याति प्राप्त गरेको थियो । उत्तर कोरियाको साइबर-युद्ध कार्यक्रम कम्तीमा सन् १९९० को मध्यदेखि सुरु भएको हो । सन् २०२० को अमेरिकी सैन्य प्रतिवेदन अनुसार, त्यसबेला देखि यो छ हजार जना सदस्य भएको साइबर-युद्ध एकाइ बनेको छ जसलाई ब्युरो १२१ भनिन्छ र यो धेरै देशबाट सञ्चालन हुन्छ ।

### मानव र हात्तीबीचको द्वन्द्वमा ठूलो जनधनको क्षति

कोलम्बो, १५ फागुन (रासस/एएफपी) ।

श्रीलङ्काले एक दशकमा झण्डै एक हजार २०० मानिस र तीन हजार ५०० भन्दा बढी जनावरको मृत्यु भएको छ । हात्ती मानवबीच द्वन्द्वको खबर सार्वजनिक गरेपछि गाउँले र जङ्गली हात्तीबीचको भिडन्त तत्काल समाधान गर्ने प्रतिबद्धता सरकारले व्यक्त गरेको छ । वातावरण मन्त्री डम्मिका पाटाबेन्डीले संसदलाई बताएअनुसार वन्यजन्तु आरक्ष नजिकका गाउँहरूमा हात्तीको आक्रमण कम गर्न थप विद्युतीय तारबार निर्माण गर्ने र थप कर्मचारीहरू खटाइनेछ । उहाँका अनुसार सन् २०१५ देखि २०२४ को बीचको हात्तीसँगको द्वन्द्वमा एक हजार १९५ मानिस र तीन हजार ४८४ जङ्गली हात्ती मारिएका छन् । यस वर्षको जनवरीमा थप तीन जना मानिस र ४३ वटा हात्तीको मृत्यु भएको छ । विपक्षी सांसद नलिन बन्दाराले मृतकको सङ्ख्या 'स्तब्ध पार्ने' भएको भन्दै जङ्गली जनावरलाई क्षति नपुर्‍याउने सुनिश्चितताका साथै मानिसहरुको सुरक्षा गर्न आग्रह गर्नुभएको छ । उहाँले मारिएका जङ्गली हात्तीको शव व्यवस्थापन (विसर्जन) गर्दा एक दशकमा राज्यलाई करिब एक करोड १६ लाख अमेरिकी डलर नोक्सानी भएको र सोही अवधिमा हात्तीको आक्रमणबाट पीडितलाई करिब ४० लाख अमेरिकी डलर क्षतिपूर्ति दिइएको उल्लेख गर्नुभयो ।

# बिटौरी र ब्लक जग्गाको समस्या समाधान गर्नु आवश्यक : राष्ट्रिय मुक्ति पार्टी




**दैनिक समाचारदाता**
**राजविराज, १५ फागुन ।**

राष्ट्रिय मुक्ति पार्टीको काठमाडौंमा सम्पन्न केन्द्रिय समितिको बैठकले राजविराज नगरवासीको पीडासँग जोडिएको बिटौरी र ब्लक जग्गाको समस्या समाधान गरि अविलम्ब लालपूर्जा प्रदान गर्नु पर्ने निर्णय गरेको छ ।

पार्टी अध्यक्ष राजेन्द्र महतोले बिहीबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरि केन्द्रिय समिति बैठकको ७ बुँदे निर्णय सार्वजनिक गर्दै बिटौरी तथा ब्लक जग्गाको लाल पूर्जा बितरण प्रक्रिया अविलम्ब सुरु गर्नु पर्ने सरकारसँग माग गरिएको जनाएका छन् ।

बैठकले देशमा विद्यमान चलिरहेको विभिन्न खाले संघर्षहरु जस्तै मुकुम्लुङमा नो केबलकार, बोक्सँनी सांखुको सबस्टेशन विरुद्धको संघर्ष, उपत्यकामा गैरन्यायिक सडक विस्तार तथा खोलानदीको मापदण्ड विरुद्धको संघर्ष, स्वर्गद्वारी गुठीको संघर्ष, सहकारी पीडितहरुको संघर्ष, लघुवित्त पीडितहरुको संघर्ष, दलित (शिल्पी) समुदायद्वारा जारी रहेको संघर्ष, कवाड व्यसायीहरुको संघर्ष, ढोरपाटन सिकार आरक्ष विरुद्धको संघर्ष, केन्द्र सरकार र प्रदेश सरकारहरुको वेथिती विरुद्धको संघर्ष लगायत देशवासीले भोगीरहेका सबैखाले संघर्षहरुको विरुद्धमा संघर्ष गर्नु आवश्यक देखिएको जनाएको छ ।

साथै राज्यको एकल नश्लिय चरीत्रलाई बदलेर बहुल राष्ट्रिय चरित्रको देश बनाउन र स्वशासनको अभ्यास गर्न सबै मिली राष्ट्रिय मुक्ति क्रान्ति गर्नु आवश्यक रहेकोले आन्दोलन र संघर्षको निम्ति समान धारणा र विचार मिल्ने पार्टी/संगठन हरुसंग बृहत मोर्चाबन्दी गर्ने निर्णय समेत गरेको छ ।

# मेला, महोत्सवका नाममा सुर्तीजन्य पदार्थको विज्ञापन नगर्न आग्रह

काठमाडौँ, १५ फागुन (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले विभिन्न मेला, महोत्सव तथा जात्राका नाममा सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन नगर्न आग्रह गरेको छ ।

मन्त्रालयले केही मेला, महोत्सव र जात्राका नाममा सुर्तीजन्य पदार्थको उत्पादक सङ्लग्नता भएकोप्रति ध्यानाकर्षण भएको जनाउँदै त्यस्ता मेला, महोत्सव र जात्रामा सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन नगर्न आग्रह गरेको मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले जानकारी दिनुभयो ।

सुर्तीजन्य पदार्थ (नियन्त्रण तथा नियमन गर्ने) ऐन, २०६८ को दफा १० मा 'उत्पादकलगायत कसैले पनि पत्रपत्रिका तथा रेडियो टेलिभिजन, इन्टरनेट, इमेलजस्ता विद्युतीय सञ्चारमाध्यम, अन्तरक्रिया कार्यक्रम, होडिङ बोर्ड, भित्ते लेखन, लोगो सङ्केत, चिन्ह वा अन्य कुनै पनि माध्यमबाट सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गर्न वा कुनै कार्यक्रममा समाचार वा सूचना सम्प्रेषण वा प्रायोजन गर्न पाइने छैन' उल्लेख छ ।

मन्त्रालयका प्रवक्ता डा बुढाथोकीले उक्त कानुन विपरीत सुर्तीजन्य पदार्थको विज्ञापन वा प्रवर्द्धन गरेको पाइएमा कानुन बमोजिम कारवाही हुने बताउनुभयो । सुर्तीजन्य पदार्थको सेवन मानव स्वास्थ्यका लागि अन्यन्त हानिकारक भएको र त्यस्ता पदार्थको सेवनले मानवजीवनको आर्थिक, सामाजिक र सांस्कृतिक क्रियाकलापसमेतमा नकारात्मक असर पर्ने भएकाले मेला महोत्सवमा प्रयोजक नराख्न उहाँले आग्रह गर्नुभयो ।

सुर्तीजन्य पदार्थको (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८ तथा सुर्तीजन्य पदार्थको नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८ र सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट र र्‍यापर्स, पेटी तथा पार्सल, प्याकेजिङगमा चेतावनीमुलक सन्देश र चित्र छाप्ने तथा अङ्कित गर्ने निर्देशिका २०८१ जारी भएको छ । उक्त निर्देशिका बमोजिम सुर्तीजन्य पदार्थको बट्टा, प्याकेट, र्‍यापर्स, पेटी तथा प्याकेजिङको मुख्य भागको अगाडि र पछाडिको शतप्रतिशत भागमा चित्र अङ्किकत चेतावनीमुलक स्वास्थ्य सन्देश राख्न सम्बन्धित सबै सरोकारवालालाई अनुरोध गर्नु भएको छ ।

सुर्तीजन्य पदार्थ सम्बन्धि ऐन, नियमावली र निर्देशिकामा भएका प्रावधानले सुर्तीजन्य पदार्थको प्रयोग घटाउन र दिर्घकालिन रुपमा सुर्तीजन्य पदार्थसँग सम्बन्धित रोग तथा मृत्युदर घटाउन र जनस्वास्थ्यमा सुधार गर्न योगदान पुर्‍याउने प्रवक्ता डा प्रकाश बुढाथोकीको भनाइ छ । मन्त्रालयले सुर्तीजन्य पदार्थ सम्बन्धि ऐन, नियमावली र निर्देशिकामा भएका व्यवस्थाको पालना नगरेको पाइएमा मन्त्रालयको 'हेलो स्वास्थ्य कल सेन्टर १११५ मा दैनिक बिहान ८ बजेदेखि साँझ ८ बजेसम्म तथा भाइवर, ह्वाट्अप नम्बर ९८५१३३०५९२ मा जानकारी गराउन अनुरोध गरेको छ ।

### *सडक संघर्षमा ...*

पहिलो चरणमा संघर्ष समितिले फागुन १८ गते राजविराज बजार बन्द, फागुन २१ गते नगरका घर तथा पसल पसलमा कालो झण्डा झुण्ड्याउने, फागुन २५ गते राजविराज नगरपालिका कार्यालयमा तालाबन्दी, फागुन २८ गते राजविराजस्थित नापी र मालपोत कार्यालयमा तालाबन्दी तथा चैत ४ देखी गजेन्द्र चौकमा अनिश्चितकालिन रिले अनशन लगायतका आन्दोलन कार्यक्रम घोषणा गरेको छ ।

यसअघि सप्तरीका सम्पूर्ण राजनीतिक दलहरुको तर्फबाट समेत बिटौरी र ब्लक जग्गामा नगर स्थापना कालदेखी नै बसोवास गर्दै आएका नगरवासीलाई अविलम्ब लालपूर्जा प्रदान गर्नु पर्ने भन्दै प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापन पत्र बुझाएका थिए ।

# 'माध्यमिकी परिक्रमाले दुई देशबीच धार्मिक, सांस्कृतिक सहिष्णुता बढाउँछ'

धनुषा, १५ फागुन (रासस)।

मधेस प्रदेशका प्रमुख सुमित्रा सुवेदी भण्डारीले मिथिला माध्यमिकी परिक्रमा धार्मिक यात्राका साथै नेपाल र भारतबीच धार्मिक, सांस्कृतिक सहिष्णुता बढाउने माध्यम रहेको बताउनुभएको छ ।

बिहीबार धनुषाको मिथिला बिहारी नगरपालिका-८ बाट मिथिला बिहारीको डोला शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले माध्यमिकी परिक्रमाले नेपाल र भारतबीचमा धार्मिक, सांस्कृतिक र कुटनीतिक सम्बन्धलाई बलियो बनाउने अवसर प्रदान गर्ने धारणा राख्नुभयो ।

मिथिला बिहारी नगरपालिकालाई धार्मिकस्थानका रूपमा पहिचान दिने उद्देश्यले नामाकरण गरिएको भन्दै यसले यहाँको धार्मिक महत्वलाई अझ प्रगाढ बनाएको प्रदेश प्रमुख भण्डारीले उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, "मिथिला बिहारी क्षेत्रको नामाकरण धार्मिक आस्थाको प्रतीक हो । यस क्षेत्रले धार्मिक र सांस्कृतिक धरोहरलाई प्रगति र समृद्धिको पथमा अघि बढाएको छ ।"

मिथिला बिहारी भगवान्को डोला निकालेर परिक्रमा गराउने परम्परा नेपाल र भारतका विभिन्न स्थानमा पुग्ने गर्दछ । सांस्कृतिक र धार्मिक मान्यताका आधारमा सुरु भएको यो परम्परा १५ दिनसम्म रहन्छ ।

"यस परिक्रमा यात्राले केवल धार्मिक आस्था बलियो बनाउने मात्र नभई यसले विभिन्न संस्कृतिको सङ्गमका रूपमा पनि समाजलाई एकजुट राख्छ", प्रमुख भण्डारीले भन्नुभयो । यस परिक्रमा यात्रामा नेपाल र भारतका विभिन्न क्षेत्रबाट लाखौं श्रद्धालु भक्तजन, साधुसन्त र महन्थको सहभागिता रहने जनाइएको छ ।

प्रदेश प्रमुख भण्डारीले यसको धार्मिक र सांस्कृतिक महत्वलाई सबैले संरक्षण र प्रवर्द्धन गर्दै जानुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "यो धार्मिक यात्रा दुई देशका नागरिकबीचमा सद्भाव, आत्मीयता र सहयोगको सन्देश प्रवाह गर्ने अवसर हो । यसले नेपाल र भारतबीचको कुटनीतिक, धार्मिक र पारस्परिक सम्बन्धलाई अझ मजबुत बनाउन मद्दत गर्दछ ।"

भगवान् रामकी धर्मपत्नी सीता माताको अर्को नाम मिथिला रहेको उल्लेख गर्दै उहाँले मिथिलाञ्चल क्षेत्र पवित्र स्थलका रूपमा चिनिन्छ र यसको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व स्वदेश तथा विदेशमा पनि रहेको बताउनुभयो ।

मिथिला माध्यमिकी परिक्रमा नेपाल र भारतका धार्मिकस्थलमा विश्राम गर्दै १५ दिनसम्म जारी रहन्छ । प्रदेश प्रमुख भण्डारीले यात्रा अवधिभर सहभागी हुने साधुसन्त, सन्यासी, नागा तथा अन्य श्रद्धालुको स्वागत र सम्मान गर्न स्थानीय बासिन्दा एकजुट भएर काम गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले यात्राका सबै सहभागीलाई शुभकामना समेत दिनुभयो ।

### *मिथिला मध्यमा ...*

हनुमाननगरबाट भारत बिहारको कल्याणेश्वर तथा फुलहर, महोत्तरीको मटिहानी, जलेश्वर, मडई, ध्रुवकुण्ड, कञ्चनवन, धनुषाको पर्वता, धनुषाधाम, सतोषर ,औरही, विशौल हुँदै पुनः कल्याणेश्वर पुगेर परिक्रमा जनकपुरधाम फर्केर विश्राम गर्छन् ।


फागुन पूर्णिमाका दिन परिक्रमामा सहभागीहरु जनकपुरधामको परिक्रमा अर्थात अन्तगृह परिक्रमा पुरा गरेर घर फर्कने गर्दछन् । परिक्रमामा सहभागी श्रद्धालुहरु नेपालको १ सय ७ एवं भारतको २६ गरी १ सय ३३ किलोमिटर भूमिको पैदलयात्रा गर्छन् ।

### *समाजवादी महिला ...*

उषा कुमारी देव चयन भएकी छिन ।

यसैगरी सदस्यहरूमा ममता कुमारी दास, सबिता यादव, आशा देवी साह, सरनिता यादव, तिलेदेवी रजक, रिमा चौधरी, ममिना खातुन, बिना देवी यादव, नबिना ख्वास रहेकी छिन् ।

उक्त अवसरमा जसपा नेपालका केन्द्रिय सदस्य तथा अधिवेशनको संयोजक गिता यादव तथा जसपा नेपाल केन्द्रिय सदस्य मधेश प्रदेश सभा सदस्य किरण कुमारी साह, मधेश प्रदेश पुर्व उपसभामुख तथा केन्द्रिय सदस्य उपमा देव, जसपा केन्द्रिय सदस्य पुनम यादव, जसपा जिल्ला अध्यक्ष केदार यादव, युवा नेता लक्ष्मण यादव, बिधार्थी नेता श्याम कुमार यादव लगायतको उपस्थिति रहेको थियो ।



राजबिराज नगरपालिका
१ नं. वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प.स. २०८१/०८२
च.नं. ९९८

मिति :- २०८१/११/१३

विषय:- सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं.१० हाल १ बस्ने शोभा देवी यादव से तपसिलका जग्गाहरु नमसारी गर्न सिफारिस गरि पाउं भनि मिति २०८१।०९।१६ गते मा द.नं.७६४ को निवेदन दिएको हुँदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने ब्यहोरा जानकारी गराइन्छ ।

तपसिल

जिल्ला सप्तरी रा.बि.न.पा.वा.नं.१० हाल १ बस्न लछुन यादवको नाउ दर्ताको जग्गाहरु

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | अगाडी | १क | ७६४ | ०-१-४.२५ |
| सप्तरी | अगाडी | ४ख | १३९ | ०-२-० |
| सप्तरी | महदेवा | १ख | ३१५ | ०-३-० |
| सप्तरी | पनौरा पड्रीया | ३ | १६३४ | ०-०-३.२५ |
| सप्तरी | पनौरा पड्रीया | ३ | १६३२ | ०-०-८.७५ |
| सप्तरी | पनौरा पड्रीया | ३ | २२१० | ०-०-५ |
| सप्तरी | पनौरा पड्रीया | ३ | १५२१ | ०-०-२ |

जिल्ला सप्तरी रा.बि.न.पा.वा.नं.१० हाल १ बस्न श्रीमति राम सुनैर देवी नाउ दर्ताको जग्गाहरु श्री स.जि.अ.को मिति २०७१/१२/०३ गते को मिलापत्र अनुसार

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | अगाडी | ४ख | ६३ | ०-२-९ मध्ये दक्षिण सो ०-१-४.५ |
| सप्तरी | अगाडी | ४ख | ६२ | ०-३-११ मध्ये दक्षिण सो ०-१-१५.५० |
| सप्तरी | अगाडी | ४ख | ६५/१४० | ०-४-६ मध्ये दक्षिण सो ०-३-१ |
| सप्तरी | पनौरा पड्रीया | ८ | ८९७ | ०-०-१९.५ मध्ये उत्तर बाट ०-०-९.६२ |
| सप्तरी | पनौरा पड्रीया | ८ | १०७२ | ०-०-८ मध्ये दक्षिण बाट ०-०-४ |
| सप्तरी | पनौरा पड्रीया | ८ | १०७४ | ०-०-९.२५ मध्ये उत्तर बाट ०-०-४.७५ |

जिल्ला सप्तरी रा.बि.न.पा.वा.नं.१० हाल १ बस्न बिन्देश्वर यादवा नाउ दर्ताको जग्गाहरु श्री स.जि.अ.को मिति २०७१/१२/०३ गते को मिलापत्र अनुसार

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | पनौरा पड्रीया | ८ | ११०२ | ०-१-१३ मध्ये दक्षिण बाट ०-०-८.२५ र पुर्व बाट०-०-८.२५ |
| सप्तरी | पनौरा पड्रीया | ८ | ११०४ | ०-०-११ मध्ये पश्चिम बाट ०-०-५.५ |
| सप्तरी | पनौरा पड्रीया | ८ | १११३ | ०-०-१६.२५ मध्ये दक्षिण सो ०-०-८.१२५ |
| सप्तरी | पनौरा पड्रीया | ८ | ११०८ | ०-०-२.५ मध्ये पश्चिम सो ०-०-१.२५ |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं.१

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*